राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३९ २०८२ भदौ ११ गते बुधवार (27 Aug. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## विषादी सेवनबाट एकको मृत्यु, ६ जना घाइते



दैनिक समाचारदाता
सप्तरी, १० भदौ । सप्तरी जिल्लामा पछिल्ला दुई दिनमा मात्रै सात जनाले विषादी सेवन गरेकोमा एकको मृत्यु भएको छ । ६ जना घाइतेको अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

१५ वर्षीया रन्जना साहको उपचारका क्रममा राजविराज स्थित छिन्नमस्ता अस्पतालाम मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिनुभयो ।

राजविराज नगरपालिका-१३ भेल्ही बिसहरियाकी २१ वर्षीया पार्वती देवी यादव, राजगढ गाउँपालिका-३ नर्घोकी ३० वर्षीया मनिता देवी राम, कञ्चनरुप नगरपालिका-४ जगतपुरका३५ वर्षीय रुपेश यादव, हनुमाननगर कंकालिनी नगरपालिका-१० इनर्वाकी १९ वर्षीया आईश खातुन, बोदेबर्साइन नगरपालिका-८ काचनटोलका २८ वर्षीय ललित महतो र राजगढ-१ मुडि्क टोलकी २३ वर्षीया ललिता कुमारी यादवले छुट्टाछुट्टै समयमा विषादी सेवन गर्नुभएको हो ।

युवतीदेखि किशोरी र युवासम्म विषादी सेवन गरेका यी सबैलाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल तथा नोबेल अस्पताल विराटनगरमा उपचारका लागि भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीकाअनुसार सेवन गरिएका विषादीमा धान-गहुँमा प्रयोग हुने 'सल्लेफस', तरकारी बालीमा प्रयोग हुने 'एल्मुनियम फस्फेट' लगायतका रसायन रहेको छ ।

## विदेह नगरपालिकामा १ हजार एकसय जनालाई लालपुर्जा वितरण

*धनुषाको विदेह नगरपालिकामा भूमि व्यवस्था मन्त्री बलराम अधिकारीले १ हजार १०० जनालाई जग्गाधनी प्रमाण-पूर्जा वितरण गर्नुभयो । उहाँले तीन वर्षभित्र भूमिहीन, सुकुम्वासी, दलित र अव्यवस्थित वसोवासीलाई लालपुर्जा दिने प्रतिवद्धता जनाउनुभयो । कार्यक्रममा सांसद रामकृष्ण यादवले भूमि अधिकारलाई राजनीतिकरण नगर्न आग्रह गर्नुभयो भने नगरप्रमुख वेचन दासले नापी कार्यालयका कर्मचारीले जनतालाई दुःख दिने र अवैध रकम असुल्ने गुनासो गर्नुभयो ।*

दैनिक समाचारदाता
जनकपुरधाम, १० भदौ । संघीय सरकारको भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्री बलराम अधिकारीले धनुषा जिल्लाको विदेह नगरपालिकामा १ हजार १०० जनालाई जग्गाधनी प्रमाण-पूर्जा (लालपुर्जा) वितरण गर्नुभएको छ । नापी कार्यालय धनुषाद्वारा आयोजित समारोहमा मन्त्री अधिकारीले विदेह नगरपालिकाको वडा नं. १ देखि वडा नं. ९ सम्मका बासिन्दालाई प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले भूमि समस्याको दीर्घ समाधानका लागि तीनै तहका सरकारको सहकार्य अपरिहार्य भएको बताउनुभयो । उहाँले तीन वर्षभित्र भूमिहीन, सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित वसोवासीलाई जग्गाधनी प्रमाणपत्र प्रदान गरिने प्रतिवद्धता जनाउनुभयो । साथै भूमि आयोगको कार्यलाई सफल बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै भूमि समस्या समाधानलाई सरकारले उच्च प्राथमिकतामा



राखेको जानकारी दिनुभयो ।

सो अवसरमा सङ्घीय सांसद रामकृष्ण यादवले भूमि अधिकार जनताको मौलिक हक भएको भन्दै यसलाई राजनीतिक स्वार्थ र भेदभावमा नजोड्न आग्रह गर्नुभयो ।

त्यसैगरी विदेह नगरपालिकाका नगरप्रमुख वेचन दासले लालपुर्जा वितरण कार्यमा संलग्न केही कर्मचारीले सर्वसाधारणलाई दुःख दिने र गैरकानुनी रुपमा रकम माग्ने गरेको गुनासो व्यक्त गर्नुभयो ।

उहाँले यस्तो अनियमितता तत्काल अन्त्य गर्न माग गर्दै, जनताको अधिकार सुनिश्चित गर्न पारदर्शिता र इमानदारी आवश्यक रहेको उल्लेख गर्नुभयो ।

यसरी लामो समयदेखि जग्गा-जमिनमा स्पष्ट अधिकार नपाएका नागरिकले लालपुर्जा पाएसँगै राहत महसुस गरेका छन् । भूमिहीन, दलित र विपन्न वर्गका लागि यस कदमले दीर्घकालीन सामाजिक सुरक्षाको बाटो खुल्ने अपेक्षा गरिएको छ ।

## सरकारले गर्‍यो ७० करोड निकासा

दैनिक समाचारदाता
काठमाडौं, १० भदौ । उखु किसानले गत आर्थिक वर्ष २०८१/८२ मा उखु बेचेबापत पाउनुपर्ने अनुदान भुक्तानी गर्न सरकारले ७० करोड रुपैयाँ निकासा गरेको छ ।

कृषि मन्त्रालयले गरेको प्रस्ताव बमोजिम यो रकम विभिन्न ८ जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालय मार्फत किसानलाई भुक्तानी गर्ने गरी निकासा गरिएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेले बताए ।

उखु किसानले यसअघि पाउँदै आएको प्रतिक्विन्टल ७० रुपैयाँ नै अनुदान पाउनुपर्ने माग राखेर आन्दोलन गरिरहेका छन् । तर, सरकारले प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अनुदान हिसाब गरेर रकम निकासा गरेको हो ।

'अहिले यो रकम निकासा भएको छ । किसानहरूसँग वार्ता भइरहेको छ । त्यसमा केही सहमति भयो भने त्यसै अनुसार हुनेछ,' प्रवक्ता पाण्डेले भने ।

गत आव २०८१/८२ को बजेटमा उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । तर , सरकारले स्रोत अभाव भएको भन्दै किसानलाई दिने भनेर विनियोजन गरेको रकम पनि घटाइदिएको हो ।

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

*विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,*

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

*त्यसैले अनुमति प्राप्त गर्न:*

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

*बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बढ्दो मृत्युदर : गम्भीर सुरक्षा र सामाजिक चेतनाको सवाल

सप्तरीमा पछिल्लो एक साताभित्र आठजनाको शव फेला पर्नु कुनै सामान्य समाचार होइन। मृतकमध्ये पाँच महिला र तीन पुरुष हुनु आफैंमा चिन्ताको विषय हो। डुब्ने, करेन्ट लाग्ने, आत्महत्या वा अन्य कारणबाट भएको यी घटनाहरूले केवल व्यक्तिगत त्रासदी मात्र नभई सामाजिक संरचना, सुरक्षा व्यवस्था र चेतनामाथि पनि गम्भीर प्रश्न उठाउँछन्।

पछिल्लो घटनामा कञ्चनरुप नगरपालिका-७ मा पेट्रोलपम्प नजिक भेटिएकी अन्दाजी ४०-४५ वर्षीया महिलाको शवले सुरक्षासम्बन्धी कमजोरी प्रष्ट देखाएको छ। त्यस्तै, चन्द्रनहरमा नुहाउने क्रममा डुबेर स्थानीय पुरुषको मृत्यु हुनु, खेतमा खनेको खाल्डोमा वृद्ध महिला डुब्नु वा धान गोड्ने क्रममा लडेकी महिलाको मृत्यु हुनु, यी सबै घटनाले ग्रामीण क्षेत्रमा पूर्वतयारी, सावधानी र सुरक्षित पूर्वाधारको खाँचो देखाउँछन्। विद्युत् करेन्ट लागेर पति-पत्नी दुबैको निधन हुनु त अझै भयावह त्रासदी हो। मृतकको मृत्युका कारण फरक-फरक भए पनि यसलाई केवल व्यक्तिगत दुर्भाग्यको रूपमा लिन सकिँदैन। यी घटनाहरूले तीनवटा स्पष्ट सन्देश दिन्छन्–पहिलो, ग्रामीण क्षेत्रमा आधारभूत सुरक्षा पूर्वाधार र सचेतनाको कमी छ।

दोस्रो, स्थानिय सरकार र प्रशासनले जनजीवनलाई सुरक्षित बनाउन आवश्यक रणनीति र अभियानमा कमजोरी गरेका छन्। तेस्रो, समाजमा जोखिम न्यूनीकरणबारे पर्याप्त जनचेतना फैलिएको छैन।

समाजलाई सुरक्षित राख्ने जिम्मा केवल प्रहरी वा प्रशासनको मात्र होइन, स्थानीय निकाय, सामुदायिक संगठन, राजनीतिक दल र नागरिक समाज सबैको हुन्छ। नहर, खेत वा अन्य सार्वजनिक स्थानमा हुने डुब्ने दुर्घटनालाई रोक्न चेतनामूलक अभियान र प्राविधिक सुधार जरुरी छ। विद्युत् सुरक्षा प्रवन्ध, आपत्कालीन स्वास्थ्य सेवा र समयमै उद्धार गर्न सक्ने संयन्त्र सक्रिय हुनु आवश्यक छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको यस्ता घटनालाई सामान्य दुर्घटना भनेर बेवास्ता नगरी गम्भीर रूपमा लिनुपर्छ। प्रत्येक जीवनको मूल्य हुन्छ, र एक नागरिकको असामयिक मृत्यु राज्यको उत्तरदायित्वसँग पनि प्रत्यक्ष सम्बन्धित हुन्छ।

सप्तरीमा एक सातामा आठजनाको मृत्यु हुनु केवल एउटा तथ्याङ्क मात्र होइन, यो राज्य, समाज र नागरिक चेतनाको परीक्षण हो। अब ढिलाइ नगरी सुरक्षाप्रति ध्यान दिनुपर्छ। मृतकको शोकलाई अवसर बनाएर भविष्यमा यस्ता त्रासदी दोहोरिन नदिने दिशामा ठोस कदम चाल्न सक्नु नै जिम्मेवार शासन र सचेत समाजको पहिचान हुनेछ।

# तीज र चौठचन्द्र : नारी शक्ति, संस्कृतिको निरन्तरता



कैलास दास

जनकपुरधाम। धार्मिक एवं ऐतिहासिक नगरी जनकपुरधाम अहिले तीज र चौठचन्द्र पर्वका व्रतालु महिलाको चहलपहलले भरिभराउ छ। हातमा पूजाको थाली बोकेर शिव(पार्वती र चन्द्रमा पूजामा सहभागी महिलाको भीड विहानैदेखि सरोवर र मठ(मन्दिरमा देखिन्छ। यो दृश्य नारीशक्ति र सांस्कृतिक संरक्षणको प्रतीक बनेको छ।

तीज, चौठचन्द्र र गणेश पूजनोत्सवमा अधिकांश व्रतालु महिला नै हुन्छन्। सन्तान प्राप्ति, पुत्रको दीर्घायु, पारिवारिक सुख(समृद्धि र स्वास्थ्य(आरोग्य यी व्रतहरूको मूल उद्देश्य हुन्। जनकपुरधाम धार्मिक नगरी भएकाले यहाँ वर्षभर व्रत(पर्व चलिरहन्छ। यसैबीच तीज व्रतालु महिलाका लागि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पनि गरिएको छ, जसले शहरलाई अझै उत्साहपूर्ण बनाएको छ।





**तीज : नारी आत्मबल र सामूहिकताको पर्व**

तीज र चौठचन्द्र दुबै पर्व नारीसँग प्रत्यक्ष सम्बन्धित छन्। यी पर्वहरूले स्त्री(जीवन, परिवार र समाजलाई जोड्ने मात्र होइन, संस्कृतिको निरन्तरता र धार्मिक(सामाजिक ऐक्यबद्धताको अद्भुत प्रतीक पनि बनेका छन्।

पहिला तीजलाई पहाडी समुदायमा मात्र विशेष चहलपहलका साथ मनाइन्थ्यो, तर अब यो पर्व मिथिला(मधेशमा पनि श्रद्धा र उल्लासका साथ स्थापित भइसकेको छ। भाद्र महिनाको तृतीय तिथिमा मनाइने तीजलाई शिव(पार्वतीको मिलन दिवसका रूपमा स्मरण गरिन्छ। महिलाहरू हरितालिका पूजा गरी हरियो साडी, चूडी, पोते लगाएर सौन्दर्य र श्रद्धाको संगम प्रस्तुत गर्छन्।

तीज केवल धार्मिक अनुष्ठान मात्र होइन, नारी आत्मबल, पीडा र उल्लास उजागर गर्ने अवसर हो। विवाहिता महिलाले पतिको दीर्घायु र पारिवारिक सुखको कामना गर्दै उपवास गर्छन्। तीजका गीतहरू प्रायः नारीका संघर्ष, व्यथा र सपना बोकेका हुन्छन्।

साउन महिनादेखि नै तीजको तयारी थालिन्छ। बजारहरू हरियो चूडी, रिबन, साडी, मेहन्दीले रङ्गिन्छन्। यस पर्वले महिला उद्यमशीलतालाई पनि प्रोत्साहन गरेको छ, किनकि यस अवसरमा श्रृंगार सामग्री र कपडाको व्यापार उल्लेखनीय रूपमा बढ्छ।

***चौठचन्द्र : मातृत्व र समृद्धिको कामना***

तीजपछि आउने अर्को महत्वपूर्ण पर्व हो चौठचन्द्र, जसलाई मिथिला भाषामा 'चौरचन' भनिन्छ। भाद्र महिनाको चतुर्थी रातमा विवाहित महिलाले परिवार र सन्तानको दीर्घायु तथा समृद्धिको कामनासहित यसलाई मनाउँछन्।

यस दिन महिलाले दिनभर उपवास गर्छन् र बेलुकी चन्द्रमा उदाएपछि विशेष विधिपूर्वक पूजा गर्छन्। बाँस(माटोका सूपा, डलिया, पकवान, पूरि(कचौरी, दही(चिउरा राखेर पूजा गर्ने परम्परा छ। चन्द्रमालाई अर्घ्य अर्पण गरी परिवारलाई प्रसाद बाँडिन्छ।

मिथिलामा चौरचनलाई कृषि(जीवनसँग पनि जोडिएको पाइन्छ। आफ्नै खेतको चामल, गहुँको पीठो, करेसाबारीका फलफूल(तरकारी पूजामा प्रयोग हुन्छन्। सहज र स्वाभाविक रूपमा मनाइने यस पर्वमा राजा(रङ्क सबै समान हुन्छन्।

***पूजा विधान***

भाद्र शुक्लपक्षको चौथी तिथिमा मनाइने यस पर्वमा महिलाले निराहार बस्छन्। साँझ चन्द्रमा उदाउनु अघि आँगनमा अरिपन बनाई पूजा सामग्री सजाइन्छ। कलशमा दियो र जल राखिन्छ। चन्द्रमा उदाएपछि महिलाले खिरा वा फल हातमा लिएर दर्शन गर्छन्, मनका संकल्पहरू दोहोर्याउँछन् र पूजाको समापन गर्छन्। प्रत्येक परिवारमा घरदेवतालाई पूजा गर्ने परम्परा पनि यसै दिनसँग जोडिएको छ।

***सांस्कृतिक सन्देश***

मधेशका यी दुवै पर्वले नारीलाई केन्द्रमा राख्छन्। तीजले वैवाहिक जीवनमा विश्वास र समर्पणलाई बल दिन्छ भने चौठचन्द्रले मातृत्व र पारिवारिक उत्तरदायित्वलाई प्राथमिकता दिन्छ। यी पर्वहरूले नारीको भावना, श्रम र संस्कृतिलाई सम्मान गर्ने परम्परा निरन्तरता दिइरहेका छन्।

यद्यपि आधुनिकतासँगै महँगा कपडा, गहना र बाह्य आडम्बरले मौलिकता हराउने डर बढेको छ। तर यसका बाबजुद पनि तीज र चौरचनले मधेशी समाजलाई एउटै धागोमा बाँध्ने, स्त्री(जीवनलाई सम्मान गर्ने र सांस्कृतिक पहिचानलाई जीवित राख्ने कार्य गरिरहेका छन्।

यी पर्व केवल धार्मिक कर्मकाण्ड मात्र होइनन्, नारी शक्ति, सामूहिकता, सृजनशीलता र संस्कृतिप्रतिको आस्थाको जीवित प्रतीक हुन्। आधुनिकताको प्रवाहमा पनि यी पर्वले आफ्नो मौलिकता जोगाइरहूनयही नै मधेशी समाजको सामूहिक कामना हो ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मह लामो समयसम्म ताजा रहनुको रासायनिक रहस्य



भेरोनिक ग्रीनवूड
बीबीसी फ्यूचर

मह एक प्राकृतिक गुलियो पदार्थ हो। ब्याक्टेरिया, ढुसी लगायतका सूक्ष्म कीटाणु चिनीजस्ता गुलियो पदार्थमा निकै फस्टाउँछन्। तर मह सितिमति बिग्रँदैन। महले त्यसरी सुक्ष्म कीटाणुलाई जित्ने क्षमताको कारण के होला?

धैरैजसो सिसीमा बन्द गरिएका खानेकुराहरूको जीवन अवधि निश्चित मात्र हुन्छ। त्यस्ता सिसीबाट एक चम्चा खानेकुरा झिक्दा कहिलेकाहीँ तुरुन्तै ढुसी वा ब्याक्टेरियाको बास हुन थाल्छ। तर कुनै कुनै खानेकुरा यस्ता पनि छन् जुन वर्षौंसम्म ताजा अर्थात् खान योग्य रहिरहन्छन्।

मह त्यस्तै जादुमयी पदार्थमध्ये एक हो ।

सिसीमा बन्द गरेर राख्दा यो सुनौलो पदार्थ जम्न सक्छ वा कणहरू बन्न सक्छन् तर यो बिग्रन्न। यसको नसड्ने क्षमता यसको रसायनमा र यो कसरी बनेको हो भन्नेमा निर्भर छ।

हामीले खानेकुरा बिग्र्यो भन्नुको अर्थ हो कुनै सुक्ष्म जीवले हामीभन्दा पहिला त्यसको उपभोग गरे।

धैरैजसो खानेकुरामा ब्याक्टेरिया, ढुसीहरू सानो मात्रामा रहेका नै हुन्छन्।

***- नेपालमा अहिले पनि काढिन्छ भीरमौरीको मह***
***- मौरीको विषले स्तन क्यान्सर गराउने केही कोष मार्ने वैज्ञानिक निष्कर्ष***

र, मानिसहरूले खानेकुरा सुरक्षित राख्न अपनाउने उपायमा ती सुक्ष्म कीटाणुलाई ती खानेकुरामा फैलिनबाट निरुत्साहन हुने व्यवस्था गरिएको हुन्छ।

यीमध्ये धेरै सूक्ष्म कीटाणुले ओसिलो वातावरण मन पराउने हुन्छन् वा उच्च तापमान (तर धेरै चाहिँ होइन) मन पराउने हुन्छन्। त्यसैगरी निश्चित पीएच तथा धेरै अक्सिजनको उपलब्धता मन पराउने हुन्छन्।

मासु वा फललाई सुकाउँदा, वा सुक्खा बनाउँदा त्यस्ता सुक्ष्म कीटाणुले पानी प्राप्त गर्न सक्दैनन्। खानेकुरा चर्को आँचमा पकाउँदा या त्यसलाई फ्रिजमा राख्दा केही किसिमका कीटाणु मर्छन् र बाँकी कीटाणुको वृद्धि पनि रोकिन्छ।

अचार बनाउने मिश्रणमा राख्दा पनि केही असाध्यै अमिलो मन पराउने जीव बाहेक कैयौं सुक्ष्मजीवले आक्रमण गर्न सक्दैनन्।

कुनै पदार्थलाई सिसीमा बन्द गरेर राख्दा उनीहरू फैलिनका लागि आवश्यक अक्सिजनको अभाव हुन्छ।

लामो समयसम्म बचाइराख्ने विभिन्न खाले प्रक्रिया पूरा गरिए पनि तिनको जीवन अवधि सीमित मात्र हुन्छ।

हामी सधैँभरी सूक्ष्म कीटाणुहरू विरुद्धको हार्ने लडाइँ लडिरहेका हुन्छौँ। भिनेगरमा आएको एक प्रकारको गन्ध जुन ल्याक्टोब्यासिलसका कारण हुन सक्छ वा बदामको बटरको भित्री भागमा देखिने ढुसीको दाग ती धेरैजसो स्पष्ट देखिने खालका र प्रस्ट रूपमा थाहा हुने खालका हुन्छन्।

तर महको कुरा अनौठो छ र यसको कारण यस्तो छ। यो माहुरीहरूले फूलको रसबाट बनाउँछन्। सुरुवातमा यो एउटा न्यानो किसिमको पानी जस्तो गुलियो पदार्थ हुन्छ जसले गर्दा लाग्छ त्यो ब्याक्टेरियाका लागि सबभन्दा राम्रो खानेकुरा हो।

तर माहुरीहरूले फूलबाट घारसम्म लग्ने क्रममा फूलको रसलाई गाढा बनाउँदै गरेका हुन्छन्।

सो गर्ने क्रममा रसबाट पानीको तत्त्व बाहिर निकालिदिन्छन्।

इन्जाइमको मद्दतले तरल पदार्थमा अम्लीयपन बढाइदिन्छन् जसले गर्दा त्यसमा केही प्रकारका सूक्ष्म जीव बढ्न पाउँदैनन्। र त्यसमा भएको चिनीलाई साधारण चिनीमा परिवर्तन गरेर उनीहरूले आफ्ना घारका प्वालमा भर्छन्।

अर्को कुरा त्यसपछि उनीहरूले आश्चर्यजनक काम गर्छन्।



उनीहरूले आफ्नो पखेटाले महलाई हम्किन थाल्छन्।

यसरी हम्किँदा ती रसमा भएका बाँकी पानी विस्तारै वाष्पीकरण भएर उडेर जान्छ जस्तो कि चलिरहेको पङ्खाले तपाईंको छालाबाट पसिना उडाइदिन्छ। त्यसपछि सुरुमा हुने ७० देखि ८० प्रतिशत पानीको मात्रा झन् झन् घट्दै जान्छ।

पूर्ण रूपमा परिपक्व बनेको वा तयार भएको महमा करिब १५ देखि १८ प्रतिशतमात्र पानी हुन्छ। तर पानी र महबीच भएको अनुपात यसरी परिवर्तन हुन्छ कि माहुरीले प्रयोग गर्ने प्रक्रियामा बाहेक त्यति अनुपातमा चिनीलाई पानीमा घोल्न असम्भव हुन्छ।

त्यसमा यति धेरै चिनी हुन्छ जसलाई सुक्ष्म कीटाणुहरूले खान चाहन्छन् तर त्यसमा यति कम पानी हुन्छ अनि अम्लियपन पनि थपिएको हुन्छ कि तिनको खाने चाहनामा बाधा उत्पन्न गर्छन्।

महलाई एउटा सिसीमा बन्द गरेर राख्दा अक्सिजनको उपस्थिति पनि असाध्यै सीमित हुन्छ जसले गर्दा सूक्ष्म कीटाणुहरू मौलाउन पाउँदैनन्।

खाद्य वैज्ञानिकहरू यस्तो स्थितिलाई “कम पानी भएको गतिविधि“ भन्छन् र वास्तवमा पानी कम गर्ने भनेको प्रशोधित खाद्य पदार्थ लामो समय बचाएर राख्ने आम तरिका हो। उदाहरणका लागि जबसम्म पानीको अणु चिनी या नुनसँग मिल्दैन त्यसबेला सम्म खानेकुरा बिग्रनबाट बचाउन सकिन्छ।

यसको अर्थ महले ताजा रहन सबै चुनौती सहन सक्छ भन्ने चाहिँ होइन।

जब महको सिसी एक पटक खोलिन्छ यसको सतह नियमित रूपमा हावासँग सम्पर्कमा आउँछ। अनि चाटेको चम्चा त्यही महमा डुबाउने हो भने त त्यसले ब्याक्टेरिया र पानी पनि थप्दै जान्छ जुन सिसी बन्द गर्ने बेलामा त्यहाँ थिएन।महमा पानी मिसाइदिने हो भने या तपाईंले रोजेको सूक्ष्म कीटाणु त्यहाँ हालिदिने हो भने त्यसपछि त्यो सड्न थाल्छ। bbc.com/Nepali बाट

# भारतले पानी छोडेपछि पाकिस्तानमा ठूलो बाढीको जोखिम, हजारौँ विस्थापित

लाहोर, १० भदौ । छिमेकी भारतले ‘ओभरफ्लो’ भइरहेको बाँधबाट अतिरिक्त पानी छोडेपछि पाकिस्तानको पूर्वी क्षेत्रमा ठूलो बाढीको जोखिम उत्पन्न भएको छ । यससँगै अधिकारीले दशौँ हजार बासिन्दालाई सुरक्षित स्थानतर्फ सारिरहेका छन् ।
नयाँदिल्लीले इस्लामाबादलाई सम्भावित सीमापार बाढीबारे अघिल्लो दिन नै सचेत गराएको थियो । यो सूचना हालका महिनामा दुई आणविक-सशस्त्र



प्रतिद्वन्द्वीबीच भएको पहिलो सार्वजनिक कूटनीतिक सम्पर्क पनि हो । पाकिस्तानको राष्ट्रीय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले सतलज नदीमा बढ्दो जलस्तरबारे चेतावनी जारी गर्दै पञ्जाब प्रान्तका विभिन्न जिल्लाबाट जनतालाई स्थानान्तरण गरिएको जनाएको छ ।
उद्धारकर्ताले मात्र कसुर जिल्लाबाट १४ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा पुर्याएका छन् भने भारतीय सीमा नजिकको बहावलनगर सहरबाट ८९ हजारभन्दा बढी बासिन्दालाई सुरक्षित क्षेत्रमा सारिएको छ । एनडिएमएले नागरिकलाई नदी, खोल्सा र तल्लो क्षेत्रबाट टाढा रहन, अनावश्यक यात्रा नगर्न र मिडिया, मोबाइल सन्देश तथा आफ्नो विपद् चेतावनी एपमार्फत प्रसारित सूचनाहरूलाई ध्यानपूर्वक पालना गर्न आग्रह गरेको छ ।
भारी मनसुनी वर्षा जारी रहँदा पाकिस्तानले हालै तीव्र बाढीको चेतावनी र निकासी अभियान चलाएको हो । उत्तरपश्चिमी बुनेर जिल्लामा यसै महिना आएको आकस्मिक बाढीमा तीन सयभन्दा बढी मानिसको ज्यान गएको थियो । स्थानीय बासिन्दाले पूर्व चेतावनी नपाएको गुनासो गरेका थिए, तर अधिकारीहरूले आकस्मिक आरीघोप्टे पानी पर्नुका कारण बाढी अनुमान गर्न नसकिएको बताएका छन् । धेरै पीडित प्राकृतिक खोल्सामा बसोबास गर्नेहरू थिए ।
जुन २६ यता पाकिस्तानमा मनसुनी वर्षाबाट निम्तिएको बाढीले आठ सयभन्दा बढीको ज्यान लिएको छ । विवादित काश्मीर क्षेत्रमा मात्रै दर्जनौँको मृत्यु भएको छ र भारत प्रशासित भागमा हजारौँ विस्थापित भएका छन् । यस पटकको बाढी चेतावनी सन् १९६० मा विश्व बैंकको मध्यस्थतामा भएको सिन्धु जल सन्धि अन्तर्गतको स्थायी संयन्त्र (सिन्धु जल आयोग) बाट नभई प्रत्यक्ष कूटनीतिक माध्यममार्फत पठाइएको हो ।
भारतले अप्रिलमा काश्मीरमा २६ जना पर्यटक मारिएपछि उक्त आयोग स्थगित गरेको थियो । पाकिस्तानले भने यो सन्धि एकतर्फी खारेज गर्न नसकिने स्पष्ट पारेको छ । सिन्धु जल सन्धि विगतमा सन् १९६५ र सन् १९७१ का युद्ध र सन् १९९९ को ठूलो सीमा झडपसम्म पनि कायम रहन सफल भएको थियो । तर पर्यटक हत्यापछि भारतले सन्धि निलम्बन मात्र नगरी, कूटनीतिक सम्बन्ध पनि कटौती गरेको थियो ।
जसको परिणामस्वरूप मे महिनामा दुवै पक्षबीच मिसाइल आक्रमणसमेत भएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मध्यस्थतामा युद्धविराम भएपछि मात्र आक्रमण रोकिन पुगेको थियो । त्यसयता सम्बन्ध सामान्यीकरणका प्रयास देखिएको छैन । हालै पाकिस्तानले बारम्बार आरीघोप्टे वर्षाले ल्याउने बाढी र सामान्यभन्दा बढी वर्षा भोगिरहेको छ । देशमा मनसुनी मौसम जुलाईदेखि सेप्टेम्बरसम्म चल्छ ।
विज्ञ र मौसमविद्ले यस क्षेत्रमा बढ्दो वर्षालाई जलवायु परिवर्तनको असर ठहर गरेका छन् । यस वर्षको वर्षाले सन् २०२२ को विनाशकारी बाढी दोहोरिने डर पैदा गरेको छ । सन् २०२२ को विनाशकारी बाढीले देशको एक तिहाइ भूभाग डुबाएको थियो र एक हजार सात सय ३९ जनाको मृत्यु भएको थियो । रासस/एपी



# उखुको मूल्य बेलैमा तोक्नुपर्छ : बाबुराम भट्टराई

दैनिक समाचारदाता

काठमाडौं, १० भदौ । नेपाल समाजवादी पार्टी (नेसपा) का अध्यक्ष डा. बाबुराम भट्टराईले बेलैमा उखु किसानहरूको मूल्य तोकिनुपर्ने बताएका छन् । मंगलबार उखु किसानहरूको आन्दोलनमा सहभागी हुन माइतीघर मण्डला पुगेका उनले यस्तो बताएका हुन् ।

'पहिले त उखु किसानलाई बेलैमा मूल्य तोक्नुपर्छ । किसानसहित भएर मूल्य तोक्नुपर्‍यो । तर, हाम्रोमा सकेसम्म मूल्य नै नतोक्ने तोकियो भने पनि एक पक्ष मिलेर तोक्ने,' भट्टराईले भने, 'अझ भन्दा सरकार र बिचौलिया मिलेर तोक्ने र उनीहरूले नै विभिन्न बाहनामा वर्षदिनसम्म अड्काएर राख्ने ।'



उनले देशको उद्योगलाई ध्वस्त पारेर बाहिरबाट कालोबजारीमा चिनी ल्याएर बेच्नका लागि कमिसन खाएर महँगोमा बेच्ने गरेको बताए ।

'राजनीतिक दलका नेताहरू, सरकारहरूले के गरे भने, आफ्नो देशको उद्योगधन्दालाई ध्वस्त पारेर बाहिरबाट चोरिबजारी गरेर ल्याउने र यहाँ कमिसन खाएर महँगोमा जनतालाई बेच्ने गरेका छन्,' उनले भने, 'हाम्रा किसानले उत्पादन गरेको उखु भएन भन्ने, अनि फ्याक्ट्रीहरू पनि बन्द गर्ने काम भइरहेको छ । राज्यबाट उल्टै उनीहरूले जनता र राज्य दुवैलाई ठग्ने काम भइरहेको छ ।'

# मुख्यमन्त्रीद्वारा चौरचन र गणेश चतुर्थी पर्वको शुभकामना

दैनिक समाचारदाता

जनकपुरधाम, १० भदौ । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले चौरचन तथा गणेश चतुर्थी पर्वका अवसरमा प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ ।

मुख्यमन्त्री सिंहद्वारा आज यहाँ शुभकामना सन्देशमा चौरचन पर्वलाई भक्तिभाव र संस्कृतिको गहिरो सम्बन्धसँगै सांस्कृतिक पहिचानका रूपमा चित्रण गर्दै एकता, आपसी सद्भाव र पारिवारिक आत्मीयतामा बाँध्ने माध्यमका रूपमा पर्वले कार्य गरेको उल्लेख गर्नुभएको छ । उहाँले सन्देशमा गणेश चतुर्थी पर्वले विघ्नहर्ता भगवान् गणेशप्रति आस्था जागृत गर्दै



जीवनमा आउने चुनौतीलाई धैर्य, बुद्धि र सकारात्मक ऊर्जाद्वारा पार गर्न प्रेरणा दिने विश्वास व्यक्त गर्नुभएको छ । शुभकामना सन्देशमा भनिएको छ, "यो दुवै पर्वले दिएको शान्ति, सद्भाव, श्रद्धा र समर्पणको सन्देश हाम्रो समाजलाई अझ सबल, समृद्ध र उन्नत बनाउन सधैँ मार्गदर्शक हुनेछन् ।" सन्देशमा उहाँले भगवान चन्द्रदेव र भगवान गणेशको कृपाले सबैमा स्वास्थ्य, समृद्धि, दीर्घायु, आपसी प्रेम र प्रगतिका उज्याला मार्ग प्रशस्त होस् भन्ने कामना पनि उल्लेख गर्नुभएको छ । रासस

# मिथिला क्षेत्रमा चौरचन पर्व मनाइयो

दैनिक समाचारदाता

महोत्तरी, १० भदौ । मिथिला क्षेत्रमा मंगलवार चन्द्रमाको पूजा गरी चौरचन पर्व मनाइएको छ । श्रद्धा र आस्थाको पर्वका रुपमा मानिएको चौरचनमा मंगलवार राति चन्द्रमाको पूजा गरिन्छ । पर्वलाई मिथिलाञ्चलको गाउँबस्तीमा चौरचनपर्वको नामले पनि प्रख्यात छ । कुनै ठाउँमा यस पर्वलाई चौठचन्द्र पर्व भनेर पनि सम्बोधन गरिन्छ ।

संस्कृतिविद् ब्र राय पर्वका अवसरमा परिवारका सदस्यहरु जमघट हुने र एकैसाथ खाना खाने चलन भएकाले आपसी सम्बन्ध बलियो बनाउने माध्यम भएको बताउनुहुन्छ । महिला आज दिनभर निराहार उपबास बसी राति चन्द्रमाको पूजाआजा



गरेपछि अन्न र जल ग्रहण गर्नेछन् । पर्वमा विभिन्न फलफूल, मिठाइ, दही, पुरी र खीर खाने चलन रहेको जलेश्वर नगरपालिका(८ का वतालु राजवतीदेवीले बताउनुभयो । महिलाहरुले पूजा सकाएपछि घरका सबै सदस्यहरुले पालैपालो आँगनमा राखिएको विभिन्न फलफूल लिएर चन्द्रमाको दर्शन गर्छन् । चौरचनपर्व सम्पन्न भएपछि परिवारका सदस्यहरु आँगनमै बसेर खीर, पुरी, दही, मिठाइ खाने चलन छ ।

# वीरगञ्जमा हैजा प्रकोप : अस्पतालबाट १७१ डिस्चार्ज, २२० जना उपचाररत

दैनिक समाचारदाता

काठमाडौं, १० भदौ । वीरगञ्जमा फैलिएको हैजा र झाडापखलाबाट उपचारपछि निको भएर अस्पतालबाट डिस्चार्ज हुने बिरामीहरूको संख्या बढ्दो क्रममा रहेको छ । तर, नयाँ संक्रमित थपिने दर भने अझै उच्च देखिएको छ ।

वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य महाशाखाले मंगलबार बिहान ११ बजे सार्वजनिक गरेको तथ्यांकअनुसार हालसम्म १७१ जना बिरामी उपचारपछि डिस्चार्ज भएका छन् ।

शुक्रबारदेखि मात्रै ३९१ जना हैजा र झाडापखलाका बिरामी वीरगञ्जका एक दर्जनभन्दा बढी अस्पतालमा भर्ना भएका थिए । हालसम्म २२० जना बिरामी विभिन्न अस्पतालमा उपचाररत रहेको जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरले जानकारी दिए ।

सबैभन्दा बढी बिरामी नारायणी अस्पतालमा छन्, जहाँ १०६ जना उपचाररत छन् । यस्तै तराई अस्पतालमा ३३, नेसनल मेडिकल कलेजमा ३१, वीरगञ्ज हेल्थ केयर हस्पिटलमा २० जना छन् । सर्वोत्तम हस्पिटलमा ९, एडभान्स हस्पिटलमा ६, प्रभु हस्पिटलमा ५, नीलकण्ठ हस्पिटल एन्ड रिसर्च सेन्टरमा ३ र नारायणी सेन्टर हस्पिटलमा २ जना बिरामी छन् । अन्य अस्पतालहरू- आशाराम, वीरगञ्ज न्यूरो एन्ड जनरल, स्पर्श एमएस, भवानी, अली अर्थ हस्पिटलमा एक/एक जना बिरामी उपचाररत छन् ।

***हैजाका नयाँ संक्रमित ९५ जना***

उपचारपछि डिस्चार्ज हुनेको संख्या बढे पनि नयाँ संक्रमित थपिने क्रम रोकिएको छैन । सोमबार दिउँसो ४ बजेदेखि मंगलवार बिहान ११ बजेसम्म ९५ जना झाडापखलाका बिरामीमा हैजाको संक्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालयले जनाएको छ । थाकुरका अनुसार नारायणी अस्पताल र तराई अस्पतालमा ३२/३२, नेसनल मेडिकल कलेजमा १३, भवानी अस्पताल, वीरगञ्ज हेल्थकेयर र मंगलम



प्याथालोजीमा ३/३ जना, अली अर्थो अस्पताल र एडभान्स मेडिकेयर हस्पिटलमा २/२ जना तथा नारायणी सेन्ट्रल, नेपाल इन्डो, नीलकण्ठ, नेपाल मेडिसिटी वयोध्या र सर्वोत्तम हस्पिटलमा एक/एक जना नयाँ हैजा संक्रमित फेला परेका छन् ।

***आईसीयू र एचडीसीयूमा बिरामी***

जनस्वास्थ्य कार्यालय पर्साका अनुसार २४ जना बिरामी आईसीयूमा र ६ जना एचडीसीयूमा उपचाररत छन् ।

आईसीयूमा सबैभन्दा बढी वीरगञ्ज हेल्थ केयर हस्पिटलमा ९ जना, तराई अस्पतालमा ८ जना छन् । यस्तै सर्वोत्तम हस्पिटल र नीलकण्ठ हस्पिटल एन्ड रिसर्च सेन्टरमा २/२ जना तथा नेसनल मेडिकल कलेज, प्रभु हस्पिटल र भवानी हस्पिटलमा १/१ जना आईसीयूमा छन् ।

एचडीसीयूमा भने तराई अस्पतालमा ४, सर्वोत्तम एमएस हस्पिटल र नेसनल मेडिकल कलेजमा १/१ जना बिरामी उपचाररत छन् ।


## महिला साना किसान कृषि सहकारी संस्था लि.औरही

औरही गा.पा.-४ धनुषा

शिलबनदी दरभाउँ पत्र नं. ०१-२०८२/२०८३

***प्रथम पटक सुचना प्रकाशित भएको मिति : २०८२/५/११***

महिला साना किसान कृषि सहकारी संस्था लि. औरह गा.पा.(४ धनुषाले GGGIद्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागि Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरणहरु खरिद गर्नु पर्ने छ ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागि तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरणहरु आपुर्तिको लागि सिलबन्दी दरभाउँपत्र आव्हान गरिन्छ । साथै देशै भरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता,आपुर्तिकर्ता तथा बितरकहरुबाट यो सुचना प्रकाशन भएको मितीले ३० दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यलय समय भित्र गोप्य सिलबन्दी दरभाउँपेश गर्नु हुनवा ईमेल ठेगाना mahilasanakisan1@gmail.com मार्फत पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

*आपुर्ति गरिने सामग्रिहरुको बिवरणः-*

**लिङ्कः-**

https://drive.google.com/drive/folders 1mOhkUvJ_ bz9f0qPVhX59yYZgiW_ IQdAS? usp=sharing

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टा छुट्टै खरिद गर्न सकिनेछ । ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि शिलबनदी दरभाउ पेश गर्न सकिनेछ । गुणस्तरिय मेसिनरी तथा उपकरण र बिकि पश्चातको सेवा सुबिधालाई उच्चप्राथमिकता दिईनेछ ।

२. विक्रेतालाई भुक्तानीगर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्रभुक्तानी गरिने छ ।

३. उपरोक्त कारोबार भदौ १० देखि मंसिर १५, २०८२ सम्म संचालन गरिनेछ ।

४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले संस्थाको कार्यलय मा उपस्थितभई वा माथि लिङ्क बाट डाउनलोड गरि) प्राप्तगर्न सकिने छ । यो सुचना प्रकाशन भएको मिती ले ३० दिन भित्र यस सहकारी संस्थाको कार्यलयमा दरभाउँ उल्लेखित गरि पेशगर्न सकिने छ (अन्तिम दिन बिदापर्न गएमा सो पछि कार्यालय खुल्ने दिन मा तोकिएको समयमा पेश गर्न सकिनेछ)।

५. शिलबन्दी दरभाउँपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र,आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/२०८२वा म्याद थपको पत्र सहित२०८०/२०८१ को करचुक्ता) पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी दर भाउँपेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्कवापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खाता मा जम्मा गरि,जम्मा गरेको भौचर शिलबन्दी दरभाउँ संग पेशगर्नु पर्नेछ ।

७ बोलपत्रफारममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंकअक्षर बीच फरक परेमा अक्षर मा लेखिएको लाई मान्यता दिईनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।

८. कार्यालय मा प्राप्त हुने बोल पत्र फाराम खाम बन्द गरि लाहा छापले शिलबन्द गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्रदर्ता गर्न बाध्यहुने छैन ।

९. पेश गरिएका बोलपत्रहरु मिति २०८२ असोज ७ गते १ बजे सहकारी संस्था का पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोल पत्रदाता स्वयम वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ । तोकिएको दिन मा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भए मा पनि शिलबन्दी दरभाउँ खोल्न कुनै बाधा पर्ने छैन । तर सो दिन सार्वजानिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउँ खोलिने छ ।

१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाहीहुने छैन ।

११. अन्यशर्तहरु महिला साना किसान कृषि सहकारी संस्था लिको खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ ।निर्णयको सर्वाधिकार महिला साना किसान कृषि सहकारी संस्था लि मा निहित रहनेछ ।

१२ बोलपत्र दाताले जम्मा प्रस्तावितक बोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापतBank Guarantee यस कार्यलयको नाममा जारी भएको पत्र पेश गर्नू पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको महिला सानाकिसान कृषि सहकारी संस्था लिनाम रहेको Laxmi Sunrise Bank जनकपुरखाता नं.०१११०२४१२१मा दाखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र शिलबन्दी बोलपत्र संगै पेश गर्नु पर्ने छ ।

१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

*बोलपत्र पेश गर्ने र खोलिने ठेगाना*

### महिला साना किसान कृषि सहकारी संस्था लि., मधेशप्रदेश

**औरही गा.पा.-४ धनुषा**

ईमेलःmahilasanakisan1@gmail.com

सम्पर्क नं : **९८०७८७५१८५, ९८१९८६४७९६**


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४